# नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको प्रदेश सभा र निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

मिति २०७९ फागुन १७ गते

२०७९ फागुन २४ गते बस्ने नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको प्रदेश सभा र २५ गते हुने अध्यक्ष, उपाध्यक्षहरु, कोषाध्यक्ष र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन गर्ने बारे नेपाल उद्योग वाणिज्य महासंघ बामगती प्रदेशको सचिवालयबाट परिपत्र र सूचना २०७९ फागुन २५ मा पठाई सकिएको छ। निर्वाचन समितिबाट देहाय बमोजिम निर्वाचन कार्यक्रम तालिका तय भएकोले महासंघका सबै सदस्य संघ/संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.न.. | कार्यक्रम | मिति र समय |
|---|---|---|
| १. | मतदान गर्न पाउने सदस्य संघ/संस्थाहरुको नामावली प्रकाशन | २०७९ फागुन २२ गते विहान १० वजे |
| २. | मतदान गर्न पाउने सदस्य/संघसंस्थाहरुको नामावली उपर दावी विरोध | २०७९ फागुन २२ गते दिउँसो २ वजेसम्म |
| ३. | मतदान गर्न पाउने सदस्य संघ/संस्थाहरु विरुद्ध परेको दावी विरोध उपर छानबिन गरी अन्तिम नामावली प्रकाशन | २०७९ फागुन २३ गते दिउँसो ३ बजे |
| ४. | उम्मेद्वारहरुको मनोनयन पत्र दाखिला (ईमेल/फ्याक्सबाट) शुल्कसहित | २०७९ फागुन १८ गते साँझ ५ बजेसम्म |
| ५. | उम्मेद्वारहरुको मनोनयन पत्र दाखिला (सक्कल कागजातसहित) | २०७९ फागुन २१ गते साँझ ५ बजेसम्म |
| ६. | उम्मेद्वारहरुको सक्कल कागजात जाँचबुझ गरी पहिलो सूची प्रकाशन | २०७९ फागुन २२ गते विहान १० बजे |
| ७. | उम्मेद्वारी मनोनयन पत्र उपर दावी विरोध | २०७९ फागुन २२ गते विहान १० बजेदेखि १ बजेसम्म |
| ८. | उम्मेद्वार मनोनयन उपर परेको दावी विरोध उपर छानबिन एवम् निर्णय गरी दोश्रो सूची प्रकाशन | २०७९ फागुन २२ गते साँझ ५ बजे |
| ९. | उम्मेद्वारले मनोनयन फिर्ता लिने | २०७९ फागुन २३ गते दिउँसो ३ बजेसम्म |
| १०. | उम्मेद्वारको अन्तिम नामावली प्रकाशन | २०७९ फागुन २३ गते दिउँसो ४ बजे |
| ११. | निर्वाचन | २०७९ फागुन २५ गते विहान १० बजेदेखि २ बजेसम्म |
| १२. | मतगणना | मतदान सम्पन्न भएपछि |
| १३. | निर्वाचन नतिजाको घोषणा | मतगणना सम्पन्न भएपछि |

**नोट :**

१. तोकिएको समयभित्र नविकरण शुल्क नबुझाएका र विधान अनुसार कुनै पनि प्रदेश सभामा भाग नलिएका सदस्य संघ/संस्थाहरुले मतदान गर्न पाउने छैन।

२. निर्वाचन कार्यक्रम हेटौंडा-२ स्थित अर्किड रिसोर्टमा सम्पन्न हुने व्यहोरा सूचित गरिन्छ ।

३. प्राविधिक कारणले प्रकाशित कार्यक्रम अनुसारको समयमा कुनै कार्यक्रम सम्पन्न हुन नसकेमा निर्वाचन समितिले तत्काल अर्को सूचना प्रकाशित गर्नेछ ।

४. उम्मेद्वारी मनोनयन पत्र दर्ता गर्दा मनोनयन पत्रको साथमा देहायका कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ ।

क. सम्वन्धित संघ/संस्थाको तर्फबाट उम्मेद्वारी मनोनयन गर्न चाहनेले सम्बन्धित संघ/संस्थाको कार्यकारिणी समिति/संचालक समितिबाट उम्मेद्वारी खडा गर्ने विषयमा भएको निर्णयको प्रमाणित प्रतिलिपि ।

ख. अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र कार्यकारणी समितिको सदस्य पदमा उम्मेद्वारी मनोनयन दर्ता गर्न चाहनेले नेपाल उद्योग वाणिज्य महासंघको विधान र प्रदेश महासंघको नियमावली बमोजिम योग्यता रहेको देखिने कागजपत्रको प्रमाणित प्रतिलिपि ।

ग. एशोसियट सदस्यको तर्फबाट उम्मेद्वारी दर्ता गर्न चाहनेले फोटोसहितको परिचयपत्र र मुख्य प्रतिनिधिको रुपमा छनौट भएको निर्णयको प्रतिलिपि ।

घ. दावी विरोध उजुरी दर्ता गर्दा पुष्टि हुने प्रमाण सहित पेश गर्नुपर्ने ।

ङ. अन्य विषयमा जानकारी चाहिएमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको वेबसाईट (bagmati.fncci.org) मा हेर्न र निर्वाचन समितिमा सम्पर्क गर्न हुन समेत सूचित गरिन्छ ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| अधिवक्ता आर.के. मैनाली | अधिवक्ता अप्सरा बस्नेत | बरिष्ठ अधिवक्ता केशव प्रसाद काफ्ले |
| निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | मुख्य निर्वाचत अधिकृत |
| नेउवामहासंघ बागमती प्रदेश | नेउवामहासंघ बागमती प्रदेश | नेउवामहासंघ बागमती प्रदेश |